
2018, JUN
Sunday
17



# प्रदेश-३



समयसापेक्ष सबलीकरण र सुदृढीकरण गर्ने उद्देश्यले मुस्कानसहितको प्रहरी सेवा, महानगरीय स्वयंसेवक प्रहरी सेवा, प्रहरी मेरो साथी, नागरिक सुनुवाइजस्ता कार्यक्रम निरन्तररुपमा सञ्चालन गर्दै आएको छ।

## सांसदलाई सिकाइँदै संसदीय अभ्यास

**नेपाल समाचारपत्र**

हेटौंडा

प्रदेश-३ का प्रदेशसभा सदस्यलाई संसदीय अभ्यास र कानुन निर्माण प्रक्रियाका सम्बन्धमा बुझाउने उद्देश्यले हेटौंडामा अन्तर्क्रिया गरिएको छ।

प्रदेश संरचना नेपालको पहिलो र प्रदेश सांसद पनि नयाँ भएकाले संसदीय अभ्यास सिकाउन कार्यक्रम गरिएको हो। प्रदेशसभा सचिवालय र नेपाल कानुन समाजको आयोजनामा कार्यक्रम गरिएको हो।

कार्यक्रम उद्घाटन गर्दै मुख्यमन्त्री डोरमणि पौडेलले अब जनताका हितका निम्ति काम गर्ने गन्तव्यमा पुग्न नजानेका कुरा सिकेर अगाडि बढ्नुपर्ने बताउनुभयो। समृद्ध नेपालको नारालाई अगाडि बढाउन काम गरिने उहाँको भनाइ छ।

मुख्यमन्त्री पौडेलले प्रदेशका नागरिकका लागि व्यक्तिगत स्वतन्त्रता, सुरक्षा अनुभूति गर्न नयाँ ऐन कानुन तर्जुमा गरिने बताउनुभयो। उहाँले प्रदेशका १३ जिल्लालाई समृद्ध बनाएर सर्वसाधारणलाई सुशासनको माध्यमबाट दिगो शान्ति, सुरक्षाका साथै न्यायको अनुभूति गर्न र आर्थिक समृद्धितर्फ आत्मनिर्भर तुल्याउन सरकारले नीति कार्यक्रम र बजेट ल्याएको उल्लेख गर्नुभयो।

प्रदेश सरकारले नीति तथा कार्यक्रमलाई अक्षरशः सम्बोधन गरेर बजेट ल्याएको र अब कार्यान्वयनमा लगिने उहाँले बताउनुभयो। प्रदेश सरकारका लागि धेरै कानुन निर्माण गर्नुपर्ने भएकाले सबैको सहयोगबाट काम गरिने भन्दै उहाँले प्रदेश सरकारका नीति र कार्यक्रम कार्यान्वयन गर्न समस्या हुने कानुन पहिले निर्माण गरिने बताउनुभयो।

प्रदेशसभा सभामुख सानुकुमार श्रेष्ठले प्रदेश सरकार र प्रदेशसभाबीच सरकारले सहकार्य गरेर प्रदेशसभामा आवश्यक कानुनको मस्यौदा तयार पार्न कानुनी प्रशिक्षण आवश्यक रहेको चर्चा गर्दै प्रदेश सरकारले जनतालाई सुशासन, भ्रष्टाचार उन्मूलन गर्ने क्रियाकलापलाई प्रोत्साहन गरी प्रदेशस्तरमा ऊर्जा, पर्यटन र कृषि उत्पादनलाई उच्च प्राथमिकतासाथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशस्तरमा प्रहरी ऐन, अनुसन्धान ब्युरो र प्रादेशिक लोकसेवा आयोग स्थापना गर्न राष्ट्रिय सरोकार र सरकारी काम कारबाही र कार्य क्षेत्रलाई प्रभावकारी बनाउन सरकारले ९९ वटा विधेयकको मस्यौदा तयार गरी आव २०७५/०७६ भित्र कानुन निर्माण गरिसक्ने बताउनुभयो।

प्रदेश मामिला समिति सभापति माधव पौडेल, प्रदेश मुख्य न्यायाधीवक्ता सूर्यचन्द्र न्यौपाने, प्रदेशसभा उपसभामुख राधिका तामाङ र नेकपा संसदीय दल प्रमुख सचेतक रामेश्वर फुँयालले मुलुकमा राजनीतिक परिवर्तनसँगै संघीयता अभ्यासको पहिलो चरणमा कानुनी प्रक्रियाको ज्ञान, संसद्, संसदीय अभ्याससम्बन्धी सैद्धान्तिक पक्षमा र बैठक सञ्चालन विधिबारे प्रदेशसभा सदस्यले जानकारी लिन आवश्यक रहेको धारणा राख्नुभएको थियो।

कार्यक्रममा संविधान, संसद् र संसदीय अभ्याससम्बन्धी सैद्धान्तिक पक्षबारे जानकारी गराइएको थियो। संविधान कार्यान्वयनको महत्त्वपूर्ण पक्षका रुपमा संघीयता रहेको अवस्थामा प्रदेश सांसदले यस्ता विषयमा गम्भीर हुनुपर्ने बताइयो। प्रदेशसभामा समय लिने र सभामुखसँग कुरा राख्ने तरिकाबारे प्रदेश सांसदलाई जानकारी गराइएको थियो।

प्रदेशसभा बैठक सञ्चालन र निर्णय प्रक्रिया, प्रदेशसभा र प्रदेश सरकारबीच अन्तर्सम्बन्ध, प्रदेशसभा तथा विषयगत समितिको व्यवस्थापन कार्यविधि र समिति प्रणाली, राष्ट्रिय अखण्डता, आन्तरिक सुरक्षाजस्ता विषयका महत्त्वपूर्ण छलफललगायत विषयमा जानकारी गराइएको थियो।

## हेटौंडामा पनि 'डस्ट रेन'

हेटौंडा, (नेस)

हेटौंडामा शुक्रबार राति धेरै ठाउँमा हिलोसहित वर्षा भएको छ। भारतको राजस्थान हुँदै नेपाल प्रवेश गरेको हावाले ल्याएको धुलोका कारण फोहोर हिलोसहित पानी परेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। डाँडाकाँडा वरिपरि तुवाँलो लागेको जस्तो देखिने र यो क्रम शनिबार पनि जारी रह्यो।

सहारा मरुभूमि क्षेत्रमा निकै प्रचलित रेन डस्ट हेटौंडामा पनि परेको हो। यसमा के-के कम्पोजिसन छ भन्नेबारे नेपाली निकायले अध्ययन गरेका छैनन्। मौसम विभागले राजस्थानको धुलो भनिसकेको छ। रोयल मेटेरोलोजिकल सोसाइटीको एउटा जर्नलमा एसियामा डस्ट रेनको नक्सांकन गरिएको छ।

महाशाखाका अनुसार उच्च वायुमण्डलमा भारतबाट आएको धुलो डाँडाकाँडामा तुवाँलोजस्तो भएर बसेको र त्यही धुलो टाँसिएर फोहोर पानी परेको हो। अरु बेला पनि उच्च वायुमण्डलमा भारतबाट धुलो आउने गरेको बताउँदै सम्भवतः वर्षा हुँदा हिलोसहित पानी परेको यो पहिलो भएको बताइएको छ।

विभागले भारतीय आकाशमा राजस्थान आसपासको मरुभूमिमा अत्यधिक मात्रामा बिहीबारदेखि हावाहुरी चलेकाले आकाशमा धुलो जम्मा भएका कारण केही भागमा पानी पर्दा धमिलो पानी परेको जनाएको छ।

केही दिनयता नियमित वर्षा भइरहेको छ। तर यस पटकको वर्षा अघिल्लो वर्षाभन्दा फरक देखिएपछि स्थानीय त्रसित बनेका छन्। हिलो पानी परेपछि स्थानीय अचम्ममा परे। धमिलो पानीमा लेदो देखिएको छ। हिलो पानीका कारण तरकारी तथा केरा खेतीलाई समस्यामा पारेको किसानको भनाइ छ। हिलो पानी परेको भन्दै नागरिकले फोटोसहित सामजिक सञ्जालमा स्टाटस पोस्ट गरेका छन्।

## प्रहरीले शुरू गऱ्यो टोल-टोलमा

**नेपाल समाचारपत्र**

काभ्रे

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले जिल्लाका विभिन्न स्थानमा प्रहरीको सहयोग र समाजमा हुने घटनाका विषयमा टोल-टोलमा अन्तर्क्रिया कार्यक्रम गर्ने भएको छ।

प्रहरी प्रधान कार्यालयले देशभर आयोजना गरेको कार्यक्रमअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा गरिने कार्यक्रमका बारेमा जिल्ला प्रहरी कार्यालय काभ्रेले पत्रकार सम्मेलन गरेर जानकारी गराएको छ। प्रहरी प्रवक्ता डीएसपी महेन्द्र मरासिनीले जिल्ला मातहत रहेका भीडभाड हुने स्थानमा अन्तर्क्रिया गर्ने निर्णय गरेको जानकारी दिए। धुलिखेल बसपार्क, बनेपा बसपार्क, पनौती बसपार्क र अन्य चोक-चोकमा पर्चा, पम्पलेट वितरण गर्ने, प्रचारप्रसार गर्ने, माइकिङ गर्ने, असार १० देखि १५ गतेसम्म जिल्लाको वडा-वडा एरियामा पर्ने स्कुल तथा कलेजमा गई ट्राफिक नियम, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध, धुमपान, मद्यपान, सामाजिक अपराध, साइबर अपराध तथा बालविवाह रोकथामजस्ता विषयमा स्कुल तथा कलेज सम्पर्क कार्यक्रम सञ्चालन हुनेछ।

त्यस्तै असार १५ देखि २५ गतेसम्म काभ्रे जिल्लाभर रहेका प्रहरी एकाइले आ-आफ्नो वडा एरियामा घरदैलो कार्यक्रम गर्ने, सुझाव र सल्लाह आदान प्रदान, गस्ती तथा बस्ती भेटघाट कार्यक्रम, दुर्घटना तथा प्रकोप उद्धार व्यवस्थापन विषयमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम हुनेछ। असारको अन्तिममा २५ गतेदेखि सार्वजनिक महत्त्व बोकेका मठ मन्दिर र सार्वजनिक स्थानको सरसफाइ कार्यक्रम गरी टोल-टोलमा प्रहरी अभियानको समापन हुनेछ।

प्रहरीले यसभन्दा अगाडि अभियानको रुपमा चलाउँदै आएको सामुदायिक प्रहरी, मुस्कानसहितको प्रहरी सेवा, महानगरीय स्वयंसेवक प्रहरी सेवा, प्रहरी मेरो साथी, नागरिक सुनुवाइजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको थियो। समुदायमा प्रहरीको उपस्थिति, कानुनी तथा सैद्धान्तिक आधारमा रही जनताको जिउधनको सुरक्षा गर्नु प्रमुख उद्देश्य रहेको जिल्ला प्रहरी प्रमुख एसपी रविराज खड्काले बताए।

सामुदायिक प्रहरी सेवालाई समयसापेक्ष सबलीकरण र सुदृढीकरण गर्ने उद्देश्यले मुस्कानसहितको प्रहरी सेवा, महानगरीय स्वयंसेवक प्रहरी सेवा, प्रहरी मेरो साथी, नागरिक सुनुवाइजस्ता कार्यक्रम निरन्तररुपमा सञ्चालन गर्दै आएको छ। समुदाय र प्रहरी दुवै पारदर्शी, सामाजप्रति उत्तरदायी, नैतिकवान र जिम्मेवारीबोधले गर्दा भ्रष्टचारमा कमी, बोली व्यवहार र आचारणमा सकारात्मक परिवर्तन आएको हुनाले सामुदायिक प्रहरी सेवालाई अझ प्रभावकारी रुपबाट अगाडि बढाउन टोल-टोलमा प्रहरी अभियान कार्यक्रम सञ्चालन गर्ने भन्ने कार्य योजनालाई लागू गर्न टोल-टोलमा प्रहरी अभियान कार्यक्रम सञ्चालन गर्न लागिएको प्रहरी प्रमुख खड्काले बताए।

भयरहित, शान्तिपूर्ण र सुरक्षित सामाजको स्थापना गर्ने, सामुदायिक प्रहरी सेवाको माध्यमबाट समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्ने, जनता र प्रहरीबीचको दुरी कम गरी विश्वास अभिवृद्धि गर्ने, जनताको घरदैलोमा पुगी प्रभावकारीरुपमा प्रहरी सेवा प्रदान गर्नु नै टोल-टोलमा प्रहरी हाम्रो अभियान कार्यक्रमको लक्ष्य र उद्देश्य रहेको उनले बताए। कार्ययोजनालाई अझ परिमार्जित र परिष्कृत गर्ने योजनामा सबैको साथ र सहयोगको अपेक्षा गरेको प्रमुख खड्काले बताए।

## मूल्यवृद्धिविरुद्ध राँके जुलुस



**नेपाल समाचारपत्र**

हेटौंडा

नेपाली कांग्रेसआबद्ध नेपाल तरुण दल र नेवि संघले हेटौंडामा मूल्यवृद्धिविरुद्ध राँके जुलुस प्रदर्शन गरेका छन्।

राँके जुलुस प्रदर्शन गर्ने क्रममा प्रहरीले ठाउँठाउँमा प्रदर्शनकारीमाथि हस्तक्षेप गरेको थियो। मसाल खोस्ने क्रममा प्रहरी र प्रदर्शनकारीबीच तानातान भएको थियो।

तरुण दलका जिल्ला अध्यक्ष ईश्वर पाठक, नगर सभापति सुनिल गिरी, नेवि संघ अध्यक्ष राजु खतिवडासहित नेता कार्यकर्ताले राँके प्रदर्शन गर्दै मूल्यवृद्धि खारेजी माग गरेका थिए। राँके जुलुसमा सहभागीले प्रधानमन्त्री केपी ओलीविरुद्ध चर्को नाराबाजी गरेका थिए।

तरुण दल मकवानपुर अध्यक्ष पाठकले बोकेको मसाल प्रहरीले खोसेको थियो। त्यसबेला सामान्य धकेलाधकेल भएको थियो।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**आवश्यकता**

अन्नपुर्ण सार्बजनिक यातायातको लागि हेभी ड्राईभर १० जनाको आवश्यकता।

**हेभी ड्राईभरः १० जना**

सम्पर्क :
**९८४१५१७३०१, ९८४१८४३३५८**

**पासपोर्ट हराएको सुचना**

मिति २०७५ साल जेष्ठ २५ गते वानेश्वरबाट पुलञ्चोक जाँदै गर्दा मेरो निम्न ब्यहोरा भएको पासपोर्ट लगाएत महत्वपूर्ण कागजातहरु हराएको हुँदा फेला पार्नुहुने महानुभनवहरुले निम्न ठेगाना वा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : तेन्जिङ प्रधानाङ्ग**
**ठेगना : पनौति, काभ्रेपलाञ्चोक**
**फोन नं :९८४१३२२३१४**
**पासपोर्ट नम्बरः ०७१७१४२८**

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आतिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**



नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोनः ३७०७०५, फ्याक्सः ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोनः ३५३९४१, फ्याक्सः ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोनः ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोनः ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोनः ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोनः २८२४५१, २८०६७३, फ्याक्सः २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोनः २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोनः ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोनः ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोनः ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P.O. Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोनः ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोनः ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोनः ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, असार
आइतबार
३

बिहान ३/४ बजेतिर अचानक आएका ससुराले कुटपिट गर्दै आफ्नो र छोरीको जीउमा आगो लगाएर मार्ने प्रयास गरेका थिए।




# धर्म परिवर्तन गराउँदै हिँड्ने कर्मचारी पक्राउ

**नेपाल समाचारपत्र**

विराटनगर

हिन्दु धर्मावलम्बीलाई क्रिस्चियन बनौं भनेर धर्म परिवर्तन गराउँदै हिँडेका विराटनगर-१५ का दीपु कर्मचारीलाई विराटनगर-१२ का स्थानीय युवाले पक्राउ गरेर प्रहरीलाई बुझाएका छन्। विराटनगर १५ बस्ने ५० वर्षीय कर्मचारीलाई स्थानीय युवाले पक्राउ गरी प्रहरीको जिम्मा लगाइदिएका हुन्।

कर्मचारीले इशाई धर्म लिँदा यो हुन्छ त्यो हुन्छ भनेर प्रलोभन देखाएर धर्मको प्रचार गरिरहेका थिए। स्थानीय खुश्बु कामतको घरमा आएर आफ्नो धर्म लिएर चर्च गए दुःख हरण हुने भन्दै आफ्नो धर्ममा आबद्ध हुन प्रलोभन देखाइरहेको अवस्थामा स्थानीय युवा अमितकुमार देवको अगुवाइमा उनलाई पक्राउ गरिएको हो।

स्थानीय खुश्बु कामतले उनी आफ्नो घर आएर पहिले पानी खान मागेको र उनको धर्मका प्रचार देखाउँदै यस्तो धर्ममा लाग्दा सबैको भलाइ हुने भन्दै उनलाई यही धर्म अपनाउन करकाप लगाएको बताउँछिन्।

यता कर्मचारीले भने आफूले उनीहरूलाई कुनै करकाप नलगाएको बताएका छन्। उनले आफू यहाँ बारम्बार आए पनि कसैलाई प्रलोभनमा नपारेको खुलाउँछन्। उनले भने- 'मैले उनलाई किताबमा यो यो छ भनेर खुलाउन मात्रै चाहेको हुँ। मैले सर्वत्र खुसी देख्न चाहेकाले यस धर्मको प्रचार गरेको हो।' उनका अनुसार उनी विगत ६/७ वर्षदेखि यस धर्ममा आबद्ध छन्। उनी अहिले यस धर्मका लागि स्वयंसेवकको रूपमा खटिएका छन्।

यसैबीच यही घटनाका विषयमा स्थानीय अमितले कर्मचारीलाई पक्रिएर लगातार प्रहरीको आपत्कालीन फोन नम्बरमा सम्पर्क गरे। तर, डेढ घन्टा बितिसक्दा पनि आपत्कालीन विभागबाट कोहीलाई नपठाएको र प्रहरी समयमा नआइपुगेको भन्दै स्थानीयले केहीबेर आक्रोश व्यक्त गरे।

प्रहरीलाई धेरै अघिदेखि फोन गरे पनि प्रहरी भने करिब डेढ घन्टापछाडि पुगेको थियो। विराटनगर महानगरपालिका वडा नं १२ का प्रहरी उपरीक्षक धनबहादुर चौहानका अनुसार प्रहरी प्रशासनबाट ढिलो खबर आएका कारण आफ्नो टोली समयमा आइनपुगेको बताए। वडा कार्यालय १२ को प्रहरी टोलीले उनलाई पक्राउ गरेर लगेको छ। हाल नेपालमा बढ्दै गएको धर्म परिवर्तनलाई अपराध मानिने र कडा सजायको भागिदार हुनुपर्नेछ। सरकारले धर्म परिवर्तनलाई फौजदारी अपराध बनाएपछि नयाँ कानुनको १ दफामा कसैले पनि धर्मान्तरणमा संलग्न हुन वा त्यसका लागि प्रोत्साहन गर्न हुँदैन भनी उल्लेख गरिएको छ।

# टोल-टोलमा प्रहरी अभियान शुरू

दैलेख, (नेस)

दैलेख जिल्लामा प्रहरी टोल-टोलमा अभियान शुरू भएको छ। नागरिक र प्रहरीको सहयोग र सहकार्यमा अपराध र अपराधजन्य समस्याको पहिचान र समाधानको माध्ययमबाट अपराध रोक्ने उद्देश्यले अभियान शुरू भएको हो।

सामुदायिक प्रहरीको अवधारणाअनुरुप नागरिकमैत्री प्रहरीको रूपमा छवी विस्तारमा तीव्रता दिनुका साथै प्रत्येक जनताको घरदैलोमा प्रहरी पुगी सुरक्षा र सरोकारका विषयमा जनतालाई सुसूचित गराउने तथा वस्तुस्थितिका विषयमा जानकारी लिने पद्धतिको विकास गर्न गृहमन्त्रीबाट जारी गृह प्रशासन सुधार कार्यक्रमअनुसार टोल-टोलमा प्रहरी अभियान सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी प्रमुख सरोज पौडेलले जानकारी दिएका छन्।

अभियानअन्तर्गत पहिलो चरणमा जिल्ला सदरमुकामस्थित नारायण नगरपालिकाका ११ वटा वडालाई ३३ वटा टोलमा विभाजन गरी अभियान सञ्चालन गरिने प्रहरीप्रमुख पौडेलले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय दैलेखमा गरिएको पत्रकार भेटघाट कार्यक्रममा अभियानको औचित्यबारे प्रकाश पार्दै टोल विभाजन गर्दा वडाभित्रको जनसंख्या, जनघनत्व, सामूहिक बस्ती, सडक खानेपानी, सीसीटीभी जडान, स्थानीय युवा क्लब, टोल सुधार समिति तथा अपराधको स्थितिलाई आधार बनाइने पौडेलले बताए। टोल विभाजन गर्दा नगरपालिकाका १ वडामा ३ वटा टोल र गाउँपालिकाको १ वडामा २ वटा टोल विभाजन गरिने प्रहरी प्रमुख पौडेलको भनाइ छ। अभियानका लागि १ टोल १ प्रहरी छनोट गरिएको छ।

# सार्वजनिक बिदा नदिएको भन्दै प्रधानमन्त्रीको पुतला दहन



**नेपाल समाचारपत्र**

विराटनगर

ईदको अवसरमा सार्वजनिक बिदा नदिएको भन्दै विराटनगरमा प्रधानमन्त्रीको पुतला दहन गरिएको छ। विराटनगरको भन्सार क्षेत्रमा प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला दहन गरिएको हो।

राष्ट्रवादी युवा समूहको अगुवाइमा विरोध ¥यालीसहित निकालिएको प्रदर्शनकारीको जुलुसले विराटनगर भन्सारक्षेत्रको २ नम्बर गेटछेउमा प्रधानमन्त्रीको पुतला दहन गरेको हो। मुस्लिम समुदायको सबभन्दा ठूलो चाडमा बिदा कटौती गरिएको र सो विषयमा आफूहरूले सांकेतिक आन्दोलन गर्दै आए पनि सरकारले नसुनेका कारण विरोधस्वरुप प्रधानमन्त्रीको पुतला दहन गरिएको राष्ट्रवादी युवा समूहका अध्यक्ष मुस्लिम मियाँले जानकारी दिनुभयो।

विराटनगरको वडा नम्बर १७ रानीचोकतर्फबाट निस्किएको समूहले प्रधानमन्त्री र सरकारविरोधी नाराबाजी गर्दै पुतलादहन गरेको थियो। प्रदर्शनकारीले पुतला दहन गर्न खोजेपछि प्रहरीले हस्तक्षेप गरेको थियो। सो क्रममा प्रदर्शनकारी र प्रहरीबीच घम्साघम्सीसमेत परेको थियो। भन्सारक्षेत्रको २ नम्बर गेटछेउमा पुतला दहन गरेपछि प्रदर्शनकारी फेरि रानी चोकतर्फ नै गएका थिए।

यसैबीच मुस्लिम समुदायको महान् चाड इदको अवसरमा युथ युनिटी अफ नेपालले विराटनगरमा शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ। सो संस्थाले विराटनगरको रानीचोकमा कार्यक्रमको आयोजना गर्दै शुभकामना आदानप्रदान गरेको छ। सो अवसरमा स्थानिय मस्जिदबाट नमाज पढेर निस्किएका ब्रतालुलाई चिसो पेयपदार्थ वितरण गरिएको थियो। ईद आपसी भ्रातृत्व बढाउने पर्व रहेकाले कार्यक्रम आयोजना गरिएको आयोजक संस्थाका अध्यक्ष जफर इकबालले जानकारी दिनुभयो।

# बुहारी र नातिनी जलाएर मार्न खोजेको आरोपमा ससुरा पक्राउ

कृष्णउदास खनाल, वीरगन्ज



पर्सा प्रहरीले बुहारी र नातिनी जलाएर मार्न खोजेको आरोपमा १ व्यक्ति पक्राउ गरेको छ।

पर्साको धोबिनी गाउँपालिका-३, हरिहरपुर घर भएका ५५ वर्षीय लक्ष्मीप्रसाद साह कानु र उनका १९ वर्षीय छोरा मुनाकुमार साहलाई प्रहरीले पक्राउ गरेको हो। पर्सा प्रहरीले लक्ष्मीले मुनाको सहयोग लिएर आफ्नै छोरा सञ्जयकुमार साहकी पत्नी सञ्जु देवी र उनकी ८ महिनाकी छोरी रियालाई जलाएर मार्न खोजेको आरोपमा पक्राउ गरेको जनाएको छ।

आगोले सञ्जु देवी र नाबालिका घाइते भएका छन्। उनीहरूलाई नारायणी उपक्षेत्रीय अस्पतालमा उपचारपछि थप उपचारका लागि कीर्तिपुर अस्पतालमा रिफर गरिएको छ। घरायसी विवादमा ससुरा लक्ष्मीप्रसादले देवर मुनाको सहयोगमा आफ्नो र छोरीको शरीरमा आगो लगाएर हत्या गर्ने प्रयास गरेको आरोप सञ्जुले लगाएकी छिन्। उपचारमा संलग्न चिकित्सकका अनुसार छोरीको अवस्था गम्भीर छ। सञ्जु देवीको घाँटीमा धारिलो वस्तुले काटेको घाउ छ। त्यस्तै उनको छाती, गाला र दुवै हात आगोले पोलेको छ।

प्रारम्भिक बयानका क्रममा घाइते महिलाले ससुराले नै देवरसँग मिलेर आफू र छोरीलाई कुटपिट गरी जीउमा आगो लगाएर मार्ने प्रयास गरेको आरोप लगाएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजन लिम्बुले बताए। सञ्जुका अनुसार सुतिरहेका बेला शुक्रबार बिहान ३/४ बजेतिर अचानक आएका ससुराले कुटपिट गर्दै आफ्नो र छोरीको जीउमा आगो लगाएर मार्ने प्रयास गरेका थिए। सञ्जुका पति सञ्जय नेपाल प्रहरीमा काभ्रे जिल्लामा कार्यरत छन्। घटनाको विषयमा अनुसन्धान जारी रहेको पर्सा प्रहरीको भनाइ छ।

## पहिरोमा परेर चारको मृत्यु

संखुवासभा, (नेस)

मकालु गाउँपालिका-५ दोभानस्थित अरुण तेस्रो जलविद्युत् आयोजनाको ड्याम साइडको सुरुङमार्ग खन्ने क्रममा पहिरो झरेर पुरिँदा ४ जना कामदारको मृत्यु भएको छ।

मृत्यु हुनेमा कालिकोट सिउना गाउँपालिका-४ घर भएका ३२ वर्षीय प्रदीप शाही, जुम्ला चन्द्रनाथ नगरपालिका-१ घर भएका ४४ वर्षीय प्रेम परियार, भारत झारखन्ड घर भएका ५५ वर्षीय बुधन मुण्डा र बिहार घर भएका ४५ वर्षीय नन्द किशोर रहेका छन्। शाही र परियार लेवर काम गर्ने तथा मुन्डा अपरेटर र किशोर इलेक्ट्रोनिक मिस्त्री थिए।

प्रहरीले उक्त स्थानमा स्काइभेटरले पहिरो पन्छाउने कार्य गर्नुको साथै उद्धार कार्य गरिरहेको छ।

**सूचना सूचना**

**यस उद्योगबाट उत्पादन भएको मिति २०१८/०२/१६ को बोटलको पानी प्राविधिक कारणले समस्या देखिएको हुँदा उक्त मितिको बोटलको पानी बिक्रि नगरी फिर्ता गरिदिनु हुन बिक्रेताज्यूहरुलाई अनुरोध गरिन्छ।**

**कुण्डपानी प्रशोधन उद्योग**
**पाटन औद्योगिक क्षेत्र, ल.पु. फोन नं. ०१-५५२६६९९**

## हवाई भाडा घटाउन माग

# सिमकोट विमानस्थल २ घण्टा बन्द

अर्जुन बोहरा, सिमकोट




हुम्लाको लागि उडान भर्दै आइरहेको हवाई सेवाको भाडा घटाउन माग गर्दै शनिबार बिहान ७ बजे सिमकोट विमानस्थल २ घन्टा बन्द गरिएको छ।

सकारले दुर्गम क्षेत्रमा उडान हुने निजी कम्पनीका जहाज र सरकारी जहाजको हवाई भाडा वृद्धि गरेको भन्दै भाडा घटाउनका लागि हुम्लीबासीले चरणबद्ध आन्दोलन गर्दै आइरहेका छन्। संस्कृति पर्यटन तथा नागरिक मन्त्रालयले गत वैशाख २६ गते गरेको ५४ प्रतिशत हवाई भाडा बढाउने निर्णयविरुद्ध आन्दोलित भएका छन्।

हवाई भाडा घटाउनका लागि ज्ञापनपत्रसहित पटक-पटक माग गर्दा पनि सरकार बेवास्ता गरेको भन्दै आफूहरूले आन्दोलन गर्न बाध्य भएको हुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष नाम्ग्याल तामाङले बताउनुभयो। चरणबद्धरूपमा हुम्लीबासीले हवाई भाडा घटाउनुपर्ने माग राख्दा केन्द्र र प्रदेश सरकारले नसुनेको भन्दै शनिबार सिमकोट विमानस्थल बन्द गर्ने बाध्य भएको हुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष नाम्ग्याल तामाङले बताउनुभयो।

हुम्लीले पाउने सहुलियत उडान भाडा पनि कटौती गरेको र हवाई जहाजमा चर्कोरूपमा भाडा तिरेर आवतजावत गर्न बाध्य बनाएको छ। दैनिक उपभोग्य वस्तुका साथै विकास निर्माणका सामग्रीको ढुवानी नगरेको र समयमै उडान नभरेको दोष लगाइएको छ।

नेपालकै एकमात्र जिल्ला हुम्लामा राष्ट्रिय सडक सञ्जाल जोडिएको छैन। हुम्लामा यातयातको नाममा मात्र एउटै विकल्प हवाई सेवा सञ्चालनमा छ। हवाई भाडादरलाई चार्टर उडानको नाममा यात्रुबाट चर्को भाडा असुल्दै आइरहेको नागरिक समाज हुम्लाका अध्यक्ष गणेश महतले आरोप लगाउनुभयो।

उता स्थानीय निकायका पदाधिकारी, उद्योग वाणिज्य, नागरिक समाज सञ्चारकर्मी र हुम्ली बासिन्दासमेतले भाडा घटाउन शान्तिपूर्ण माग गरेको नागरिक अगुवा वसन्त रोकायाले बताउनुभयो। यदि हाम्रो माग सरकारले सुनुवाइ गरेन भने ७ वटै स्थानीय तहका पदाधिकारी पनि आन्दोलनमा उत्रिने सिमकोट गाउँपालिका अध्यक्ष पदमबहादुर लामाले सरकारलाई चेतवानी दिनुभयो।

सिमकोट-नेपालगन्ज तथा नेपालगन्ज-सिमकोटका लागि ७ हजार १ सय ९० भाडादर कायम गरेको निर्णय सरकारले गरे पनि हुम्ली जनताप्रति सहजरूपमा टिकट नपाउने अवस्था सरकारले सिर्जना गरेको उहाँले बताउनुभयो।

सरकारले नेपालगन्जदेखि सिमकोट र सिमकोटदेखि नेपालगन्जको मात्रै भाडा निर्धारण गरेको छ। केही दिनदेखि हुम्ला उद्योग वाणिज्य संघको अगुवाइमा चरणबद्ध आन्दोलन गर्दै आइरहेका छन्। जसमा शनिबार को बन्दमा नागरिक समाज हुम्ला, नेपाल पत्रकार महासंघ हुम्ला, निर्माण व्यवसायी हुम्ला, होटेल व्यवसायी हुम्ला जिल्लास्थित सम्पूर्ण राजनीतिक दल र स्थानीय निकायसमेतको सहभागिता रहेको छ।

Government of Nepal
Ministry of Irrigation
Department of Irrigation
Eastern Regional Irrigation Directorate

**Irrigation Development Division, Morang**

**Letter of Intent**

Date of Publication: **17th Jun, 2018 (2075/03/03 BS)**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA 2063 and instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name of Bidder | Bid Price (With VAT) |
|---|---|---|
| MIP/IDDMORANG/ 074-075/NCB-02 | Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu | **1,98,48,053.84** |
| STMSP/IDDMORANG/ 074-075/NCB-01 | Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu | **1,75,48,577.97** |

**Division Chief**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय भरतपुर, चितवन

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७५।०३।०३

यस डिभिजन सडक कार्यालयबाट मिति २०७४।१२।२५ को नागरिक राष्ट्रिय दैनिक पत्रिका मा प्रकाशित सूचना नं. १२।०७४।७५(१) बमोजिम तपसिलका ठेक्काहरुमा पेश हुन आएका सिलबन्दी बोलपत्रहरुको मुल्याङ्कनबाट न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्विकृतीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :-**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम | कवोल अंक (भ्याट र पि.एस.सहित) |
|---|---|---|---|---|
| 1. | DROBHT/337199-4/ 074/75-51 | Concrete (Rigid) pavment Construction work on Chepang Marga (Thori-Bhandara-Lothar-Malekhu) Road, Chitwan | Mrit Sanjiwoni-Biraj & Brothers Joint Venture, Khaiharani-6, Chitwan | 4,82,34,502.24 |

**डिभिजन प्रमुख**